# Living the Lotus 1

2024

Buddhism in Everyday Life

VOL. 220




Rissho Kosei-kai of San Antonio

**Living the Lotus**
**Vol.220 (January 2024)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्रय बिभाग

फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान

फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४

इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp

प्रमुख सम्पादक: केइइची आकागावा

सम्पादक: केन्सुके ओसादा

नेपाली संस्करण अनुवाद र सम्पादक: नविन अर्याल

सम्पादन कर्मचारी:अंतराष्ट्रय बिभाग कर्मचारी

रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ। रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन। अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।



# मेहेनत गरेर “बुद्ध मनलाई बिकसित गर्ने”

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## “मेहेनत गरेर अभ्यास गर्नु भनेको धेरै वजन उठाउने बैल जस्तै हो”

सबैलाई नयाँबर्षको हार्दिक शुभकामना छ।

“हरेक द्वारअघि, सजिएका साना सल्लाका बोट, बसन्त आउनेछ, हर घरमा”

भिक्षु साइग्योले लेखेको यो कबिताको भाव जस्तै हामीले यो बसन्त ऋतुमा आउने खुशीलाई साथगरी नयाँ बर्ष मनाऔ। तर अचेल धेरै कम घरमा मात्र एस्ता सल्लालाई सजाएर राखिन्छ। तैपनी मलाई लागेको छ कि हामीहरु सबै मिलेर आनन्द मनाऔ। २०२४मा खुशी र स्वस्थ भई जापानको नयाँबर्ष देखी स्फुर्तिदिने दृष्य जस्तै आफुलाई ताजा महसुस गरौ।

हामीहरु बुद्धको उपदेश सिक्छौ किनकी हामीलाई आशा छ कि एस्तो गरेमा हामी सबै मानव आफुलाई अझै राम्रो बनाउन एक दुइ कदम अघी बढ्ने छौ। तर हामीलाई के सिकाइन्छ भने यो त केबल काल्पनिक कुरा हो किनकी बुद्धले जस्तो जिउन र अनेक कुरा पालन गरी परिश्रम गरी अभ्यास गरेर हामी सधै मानिसको रुपमा बिकसित हुन्छौ  र आफुलाई राम्रो बनाउदा आनन्द पाउछौ भनेर।

तर कोही जब परिश्रम या बुद्ध मार्गको बारेमा अभ्यास गर्ने कुरा सुन्छन तिनिहरुलाई लाग्न सक्छ कि यो त केबल असाधारण ब्यक्ती जस्ले कडा मेहेनत गर्छ उसबाट मात्र सम्भब हुन्छ। तर एक प्रचिन सुत्र, निपता सुत्रमा शाक्यमुनिले भनेका छन कि “परिश्रम गर्नु एक बैल जस्तो हुनु हो जस्ले धेरै भारी बोकेर पनि हामीलाई शान्तिको स्थितिमा लग्छ”। यो भनाइमा कतैपनी कठोरता या निर्ममता छैन। ठिक बिपरित यो भनाइ सुनेर मनमा एक बैलको छबी आउछ जुन बिस्तारै केहि नभनी गाडिलाई खिची रहेको छ या कुनै गोरु हललाई तानी रहेको छ। एस्तै कुरालाई मनन गरेर करीब २५ बर्षअघी मैले “कल्टिवेटिङ द बुद्धिष्ट हर्ट” भन्ने किताब लेखेको थिए किनकी मैले सोचेको थिए कि हामी आफ्नो बाटोमा हतार नगरि हरेस नमानी दृढताकासाथ अघी बढ्नु पर्छ किनकी हामी बुद्धको उपदेश सिक्छौ जसले हाम्रो मनलाई मलिलो बनाउछ।

मैले त्यो किताबमा पनि यो सुत्र निपताको उधारहण दिएको थिए जसलाई शाक्यमुनिका शब्द जस्तै हुन भनेर पनि भनिन्छ जुन कुनै संप्रदाय या ग्रन्थ भन्दा पर सार्बभौमिक छ। जब म एस्को बारेमा भन्ने

गर्छु म चाहन्छु को बुद्ध धर्मले एक मानव भएर बाच्न के सिकाउछ भनेर मेरो सोचाइको साथ रहनुस भनेर। र यो भनेको मलाई के लाग्छ भने शाक्यमुनिले हाम्रोनिम्ती जे चाहन्थे या भन्थे तेस्लाई स्विकार गरेर उचितरुपमा तेस्लाई व्यबहारमा ढाल्नुनै परिश्रम गरेर शान्ति पाउने तरिका हो।

अब सोचौ शाक्यमुनिले हामीलाई केके भन्न चाहन्थे त ?

## लगातार लागिरहने

संस्थापकले भन्नुभएको छ कि “यो संसारमा सबै मानव एकै जस्ता हुन र सर्बचिज एक हुन। यो कुरा अरु केहि होईन कि बुद्धधर्मको मुल बिचार हो” भनेर। अर्को अर्थमा हामीलाई बुद्धधर्मले के सिकाउछ भने यो उत्तम बिचारलाई मनन गरेमा आफ्नो आँखा खुल्छ र हामीले चिजहरुलाई हेर्ने तरिका बदलिन्छ र जिवन जिउने तरिका बदलिन्छ  अनि यो संसार धेरै एस्तै सोच्नेहरु मिलेमा यो संसार सन्तुलित हुन जान्छ। तेसैले मलाई के लाग्छ भने एदी हामी अलगअलग धर्मिक सँगठन या सम्प्रदायक हौ भने पनि हामी सबै शाक्यमुनिको शिक्षाबाट एकै ठाउँमा एकजुट छौ  अनि “प्रतेक ब्यक्तिको जिवन अनमोल हुन्छ र सबैजना समानरुपमा सम्मान गर्न योग्य छौ” र साथमा “हामी सबैमा एकै ब्रह्माण्डको अंश हुन्छ” र हामी सबै आफ्नोआफ्नो प्रकृती य प्रबित्ती अनि अनेक आबश्यक्ता अनुसार एस्ता उपदेश ब्यक्त गर्ने तरिका फरकफरक हुन्छन।

जापानको सोतो धर्म मान्नेहरुको प्रमुख दुइ मन्दिरमध्य एक एइहेइजि मन्दिरका प्रमुख जेन गुरु रेइरिन यामादाले भनेका थिए कि “जेन गुरु दोगेनले जे देखे सुने त्यो आफैले गरेको जस्तो सोच्थे र जुन कुरालाई हाम्री अरु भन्छौ उनिले अरुकोभित्रको आफु भन्ने  गर्थे” भनेर। हुनत अरु भनेको अरु नै थिए तर जेन गुरु दोगेनले भने अरुको आनन्द पनि आफ्नो अनन्द अरुको दुख पनि आफ्नो दुख भन्ने थियो (दाइहोरिन माहन धर्म चक्र खंड ३६ संख्याअ ३ दाइहोरिन काकु, १९६९)। गुरु यामादाले एस्लाई नै “मानवको जिउने सही तरिका” भनेर भनेक थिए।

जबकी बुद्धमार्गको कठोर अभ्यास गर्नु भनेको परिश्रम नै हो र जब मनमा हाम्रा दैनिक जिवनमा इक्षा, क्रोध, इर्ष्याबाट भट्किन्छ तब “सबै मानव सामन हुन” “सर्ब चिज एक हो” भन्ने मानसिकतामा फर्कने गर्छौं। एस्तो हुनु पनि मेहेनतको एक रुप हो र एस मानसिकतालाई जारी राखेर बाच्नु भनेको शाक्यमुनिको इक्षाअनुरुप बाच्ने एक तरिका पनि हो। मलाई आशा छ कि हामी हामी आफ्नो मनलाई बिकसित गर्छौं किनकी एस्तो मानसिकताले नै हरेक दिन हाम्रा साधारण शब्द या कार्यलाई सहयोग गर्छ र हरेक दिन हामी स्वस्थ र शान्त भएर अघी बढ्न सक्छौ।



# बुद्धको उपदेशद्वारा न्यूयोर्क शहरलाई रुपाण्तरण

जेम्स लिंचजी
रिश्शो कोसेइ काइ न्यूयोर्कको मिनिस्टर

***कृपया तपाइलाई न्यूयोर्क धर्म सेन्टरको मिनिस्टर (पुजरि) हुन पाउदा कस्तो लागेको छ बताइदिनुहोस ।***

यो धर्म सेन्टरका सन्चालकहरु र रिश्शो कोसेइ काइका कर्मचारीहरु खास अर्थमा नै अद्भुत छन र वहाँहरुसँगको अन्तरक्रियाबाट म संस्थापकले देखाउनु भएको बोधिसत्व आत्मन गरेको छु भन्ने भान हुन्छ । अहिले म यहाँको मिनिस्टरको रुपम संस्थापक, अध्यक्ष, र भाबि-अध्यक्षहरुले देखाउनु भएको बातोमा सकेसम्म हिड्न सकौ भन्ने मात्र छ ।

***अमेरिकाको धर्म सेन्टरको पहिलो अमेरिकि मिनिस्टर हुनु भएकोमा कस्तो लागेको छ ?***

म भन्दाअघिका मिनिस्टरहरु सबैले अमेरिका अनि न्यूयोर्क शहरलाई आफ्नै घर जस्तो ठानी यो ठाउँलाई करुणा र उर्जाले आत्मसाथ गर्नु भएको थियो । तेसैले म भन्दाअघिका सबै मिनिस्टरहरु आफ्नोआफ्नोरुपमा न्यूयोर्कका नागरिक थिए जस्तो लाग्छ । तेसैले प्रतेक म भन्दाअघिका मिनिस्टरहरु जसले आफ्नोआफ्नो तरिकाले मलाई यो बुद्धको उपदेश सिकाउनुभएकोमा मनैदेखी कृतज्ञ छु । वहाँहरुको कृपाले नै म यहाँको पहिलो अमेरिकि मिनिस्टर भएको छु । वहाँहरुले बनाउनु भएको कार्यबिधिलाई बिस्तारै तर ढिलो नगरि कार्वान्यिन गर्नेछु ।

कहिले र कसरी रिश्शो कोसेइ काइको उपदेश र आस्था प्रती आकर्षित हुनु भयो ?

मेरो स्वर्गिय आमा १९९०मा कोसेइ काइको सदस्य हुनु भएको हो तेसैले म दोस्रो पुस्ताको आस्था राख्ने हु । मेरो आमालाई बुद्धधर्मप्रती निकै आस्था थियो र जब वहाँले यो शहरमा अपराध या समाजमा भएको घटना देख्नु हुन्थ्यो वहाँलाई एस्को बारेमा निकै चिन्ता गरेर सधै "बुद्धधर्म मान्नेले के गर्थे होलन ?" सोच्ने गर्नु हुन्थ्यो ।

दुखद कुरा हो तर आमालाई २००७मा क्यान्सर भयो र तेस्ले गर्दा म अझै आस्थाप्रती समर्पित हुन थाले । एक्दिन मेरो आमाले मलाई "तिमी धर्म सेन्टरमा गएर मेरो स्वास्थलाभ कामना गरेर आउनु मलाई तिम्रो मद्दत चहिको छ" भनेर भन्नुभयो । मलाई अहिले त्यो सम्झिदा मेरो आमाले मलाई बुद्धपथमा लग्ने गरेको दक्ष तरिका थियो त्यो भन्ने लाग्छ ।

२००८मा वहाँलाई क्यान्सरको दुखाइबाट अलिकती राहत दिने र निको नहुने रोगबाट ग्रस्त भएकाले बाकी जिवन बिताउने केन्द्र "हस्पिस" मा लागियो र वहाँको २००९मा मृत्यु भयो । वहाँ बित्ने बेलासम्म पनि मेरो बुवाको चिन्ता गर्नुहुन्थ्यो किनकी वहाँलाई मुटुरोग र बिर्सनेरोग थियो । वहाँले सधै "तिम्रो बुवालाई कस्तो छ ? म गएपछी वहाँको राम्रो हेरचार गर्नु , सक्छौ होइन ?"भनेर भन्नु हुन्थ्यो र मैले "राम्रोसँग हेरचार गर्छु नि" भनेर भन्थे । बुद्ध धर्मले अहिलेको यो क्षणलाई आत्मसाथ गर्न सिकाउछ । मलाई अहिले पनि सम्झना छ कि वहाँले कसरी अन्तिम घडिसम्म पनि प्रतेक क्षण जिवन्त भएर जिउनुको महत्व सिकाउनु भएको थियो भनेर । यो कुरा नै वहाँले मलाई जन्म दिएपछीको महत्वपुर्ण उपहार हो ।



*जेम्स लिंचजी*

१९६३मा जन्म । ब्राउन बिश्वबिद्यालयपछी वकिल । ब्रुक्लिन कलेज अङ्ग्रेजी शाखा प्रमुख र रिश्शो कोसेइ काइ न्यूयोर्क बाह्य निर्देशक । रिश्शो कोसेइकाइबाट प्रतिनिधित्व गरी युएन शान्तिकोलागी धर्मका कोषाध्यक्ष । रिश्शो कोसेइ काइको दोस्रो पुस्ता । २०२३ डिसेम्बरमा रिश्शो कोसेइ काइ न्यूयोर्कको मिनिस्टर ।

***तपाईंले धर्म सेन्टरमा कस्तो भूमिका गर्नु भएको छ र कस्ता***

*कार्यक्रम गर्नु भएको छ ?*

मैले पुण्डरिक सुत्र कक्षाको अङ्ग्रेजी समुहको प्रमुखको काम गरेको छु र हरेक शनिबार पढाउने गरेको छु । कक्षा सुरु हुनि ४ दिनअघी देखी नै म तयार गर्ने गर्छु । मैले संस्थापक र अध्यक्षका किताबहरुको गहिरो अध्ययन गरेको छु र म म मेरो श्रीमतीकोअघी प्रस्तुतिको अभ्यास गर्ने गरेको छु । म मेरो सदस्यहरुमाझ संस्थापक र अध्यक्षलाई आफ्नो कक्षाबाट र अन्तरक्रियाबाट जोडेर वहाँहरुको जिवन रुपान्तरण गर्ने कोसिस गरेको छु ।

साथमा म रिश्शो कोसेइ काइबाट बाह्य-निर्देशककोरुपमा न्यूयोर्क बुद्धधर्म परिषदको सदस्य बने र यो शहरका बिभिन्न सामाजिक कार्यक्रममा भाग लिदै आएको छु । यो बुद्धधर्म परिषदमा बिभिन्न बुद्धधर्मका संस्थाहरु आबद्ध छन । यो साएद अमेरिकामा भएको सबैभन्दा ठुलो बुद्धधर्मको संस्था हो जहाँ जापान, कोरिया, चिन ताईवान र अरुदेशका ८० संस्थाका करिब ८लाख सदसस्यहरु आबदा छन । म यहाँको अध्यक्षकोरुपमा हिरोशिमा र नागासाकिमा आणविक बममा परी ज्यान गुमाउनेहरुको स्मृती समाहरोह र एसियाका मान्छेप्रती हुने रङभेद साथसाथै अफ्रकी अमेरिकिप्रती हुने भेदभाव बिरुद्ध शान्ति पदयात्रा जस्ता बिबिध कार्यक्रम गरेको छु ।



*स्वर्गीय आमा मरियान*

म यो परिषदको अध्यक्ष हुनुअघी बेबस्थापक थिए । २०१७मा मलाई धैरै बुद्धधर्मका संस्थानका मिनिस्टरले म केबल एक सर्बसाधारण बुद्धधर्म (ले बुद्धिस्ट) संस्थानको सदस्य भए पनि मलाई यहाँको अध्यक्ष चुने । मलाई आश्चार्य लागेको थियो तर यो बुद्धको कामना हो र म अझ यो शहरलाई योगदान दिन सकु भनेर मैले यो भूमिका स्विकारे । म संस्थापक निवानोको चेला र कोसेइ काइको एक सदस्यको रुपमा दृढ भएर यो परिषदमा काम गर्छु भन्ने लाग्यो । मैले यो परिषदमा संस्थापक र अध्यक्षले चाहना गरे अनुसार कोसेइ काइको सदस्यहरुलाई सहिरुपमा प्रतिनिधित्व गर्नु मेरोनिम्ती धैरै महत्वापुर्ण बिषय थियो । चार बर्षमा दुइ कार्यकाल सकेर अहिले म यहाँको बर्तमान अध्यक्षलाई उप-निर्देशककोरुपमा सहयोग गरी रहेको छु ।

यो परिषदमा काम गर्दा एक समझनायोग्य कुरा भएको थियो । एक पटक न्यूयोर्क नगरको अफिसमा बुद्धधर्मको ऐतिहासिक भेलाको आयोजना भएको थियो जहाँ मैले मानानीय मेयर याडमजिलाई भेट्ने मौका पाएको थिए । त्यो छलफलमा मैले बुद्ध धर्मालुको बारेमा कुरा गरेपछी मेयरले अचानक केहि भन्नु भयो । मेयरले “हामीले यो शहर शान्त बनाउन बुद्धधर्मको उपदेश उपयोग गर्नु पर्ने छ जस्ले गर्द सबैजना सुखिसाथ जिउन सकुन । र मलाई तिमी जस्तै बुद्धधर्म मान्नेको खाँचो छ” भनेर भन्नु भयो । त्यो बेलामा मलाई संस्थापकको गहन उपदेशको ग्रहण गरेको र कोसेइ काइको सदस्य हुन पाएकोमा धैरै गर्ब महसुस भएको थियो ।

तपाईंले गहनाकोरुपमा लिने सुत्र पाठका कुनै श्लोकहरु छन ?

मलाई मन पर्ने श्लोक भनेको समान्तभद्र र एसमा भनिएको छ कि “सबै कर्मको बाधक सागरहरु भ्रमबाट उत्पन्न हुन्छन । एदी एस्लाई स्विकार गरी पस्च्यताप गर्नु छ भने सहिरुपमा यो परम सत्यलाई मनन गर्नु पर्छ” । यो र एस्पछी आउने खण्डले हामीलाई के सिकाउछ भने जसरि सुर्यको किरणको न्यानोपनले हिउलाई पगाल्छ सत्य बुझ्नाले चिजलाई जे हो त्यो देखाउछ र पाप हरु सबै भष्म पारिदिन्छ । सबैभन्दा महत्वपुर्ण कुरा के हो भने जब हामीलाई आफु बस्तबिकताभन्दा फरक छ भन्ने थाहा भए पछी पस्च्यताप लाग्छ र त्यो नै उपदेशलाई अभ्यास गरिएको हो र हाम्रो जिवन

तुरुन्तै परिवर्तित हुन्छ । तेसैले मलाई बिस्वास छ कि यि श्लोकहरुनै हामीलाई सकारात्मक र खुशी भएर जिवन अभ्यास गर्ने बुद्धका उपदेश हुन भनेर ।

### *कृपया हाम्रा संस्थापक र अध्यक्षका बाणी जुन सधै तपाईं मनन गर्नु हुन्छ त्यो भनिदिनुस ।*

"हरेक भेटलाई महत्व दिने" र "अरुलाई प्राथमिकता दिने" भन्ने कुराहरु नै मेरो जिवनिको भक्तिका आधार हुन । जसरि हामीलाई कतै घुम्न जादा मार्गचित्र र कम्पास चाहिन्छ, हामीलाई जिवनमा संस्थापक र अध्यक्षको मार्ग दर्शन चाहिन्छ । एदी हामीलाई कहाँ जानु छ र कसरी जानु छ भन्ने थाहा भएन भने हामी हराउछौ भनेर सोच्दा पनि होला । यो उधाहरणबाट सोच्दा संस्थापकले जिवनमा कम्पस जस्तै हामीलाई सही दिशमा जान र अध्यक्षले मार्गचित्र देखाइ रहनु भए जस्तो लाग्छ । तेसैले यो अनिस्चित दुनियामा स्थिर र अर्थपुर्ण जिवन बिताउन संस्थापकको कम्पास र अध्यक्षको मार्गचित्र जरुरी छन । एदी यसरी सोच्न सकेमा कुनै गल्ती हुने छैन र सुखको निस्चितता हुनेछ ।

### *कृपया भबिष्यको आकांक्षा र सपनाको बारेमा बताइदिनुस।*

म यहाँका जापानि सदस्यहरुलाई आदर गर्दै जानेछु किनकी वहाँहरुनै यो धर्मा सेन्टरका जग र इतिहास हुनुहुन्छ जसले अमेरिकि सदस्यहरुलाई बुद्धको उपदेश फैलाउनुभयो । र साथमा मेयर एरिक याडमसले आग्रह गरे जस्तै म संघका साथीसँग मिलेर न्यूयोर्कमा बुद्धको उपदेश फैलाउन चाहन्छु जस्ले गर्दा यो शहर मात्र होईनकी संसारको रुपान्तरण हुन सकोस ।



*न्युयोर्क मन्दिरको रेबरेण्डको सपथ समाहरोहमा जेम्स्जी सदस्यसँग (अघि दायबाट तेस्रो)*

## सदस्य भएपछी

### तीन खजाना

बुद्धले हामीलाई तीन खजान बुद्ध, धर्म र संघको महत्व सिकाउछन। साचो बौद्धा बन्ने यि तीन रत्न आधार हुन। "बुद्ध" को अर्थ, मुल बुद्ध, शास्वत बुद्ध शाक्यमुनि, अहन परोपकारी शिक्षक्, बिश्व-सम्मनित आदी हुन। "धर्म" बुद्धको उपदेश हो। "संघ" भनेको बुद्धको उपदेशलाई अभ्यास गर्नेहरु हुन।

एदी हामीले यि तीन खाजनालाई आधार बनाएर उपदेशलाई पालना गरेमा हामी खुशीसाथ जिउन सक्छौ।







**थाहा छ ?**

बुद्धधर्मालुहरुले यि तीन खजान हरु बुद्ध, धर्म र संघमा शरण लिएर आफुलाई समर्पित गर्नु आधारभुत कुरा मानिन्छ । रिश्शो कोसेइ काइले पनि एस्लाई महत्व दिएको छ।

*यो कमिक निजी प्रयोजन बाहेक बिना अनुमती प्रतिलिपी बनाउन र छाप्न निषेध गरिएको छ।*

# सदस्यका सपथ







हामी रिश्शो कोसेइ काइका सदस्य
आनदिअनन्त शाक्यमुनिको शरणमा छौ
आदरणिय संस्थापकको श्रेष्ठ उपदेशको आधरमा
बौध धर्मको साचो उद्धारको मार्ग चिनेर
बौद्ध उपासकको चेतनाको आधर्म
हामी प्रतिज्ञा गर्छौं कि
हामी चरित्रलाई परिपुर्ण बनाउने उद्धेस्य पुरा गर्न
श्रद्धामा आधरिण आचरण र अछयान दुबैमा
आफुलाई प्रोत्साहित गर्छौं र
धेरैलाई मार्गदर्शन गर्दै आफुलाई अनुशासित बनाउदै
परिवार, समाज, राष्ट्र, एबम बिश्वमा शान्ति स्थापना गर्न
अघी सर्दै बोधिसत्वचार्य आचरण गर्छौं।

**थाहा छ ?**

संकल्प भनेको “आस्था र अभ्यासलाई सुदार्छु” भन्ने कुरा सद्धर्म पुण्डरिक सुत्रलाई अभ्यास गर्छु भन्ने कुरा हो। अभ्यास गरेपछी मात्र ज्ञानलाई अझ गहिरो बनाउनुको महत्व बुझिन्छ। सिकेपछी अभ्यास र अभ्यास पछी सिक्ने। सिक्ने अभ्यास गर्ने भनेको एकै रथका दुइ चक्का हुन।

## अरुलाई धर्मको उपदेश दिएर आफुलाई जागृत गरिन्छ

## सबैलाई बुद्धत्व प्राप्त गर्न सहयोग गरौ

Rev. Nikkyo Niwano
Founder of Rissho Kosei-kai



पुण्डरिक सुत्रले धर्म सिकाउनेका पाच प्रथाका “ब्याख्या” लाई चौथो अभ्यास भनेर भनेको छ । यो एक सकृय अभ्यास हो र यो सुत्रलाई “पाउने अनि "अंगाल्ने” “पढ्ने” “पाठ गर्ने” भन्दा अझ केहि ग्रहणशिल  प्रथा हो । मलाई के लाग्छ भने ब्याख्या गर्नु नै धर्म सिकाउनेकलागि सबै भन्दा महत्वपुर्ण कुरा हो ।

एसका दुइ कारणहरु छन । पहिलो हो कि पुण्डरिक सुत्र भनेको सबैलाई बुद्धतर्फ लिएर जाने एक आदर्श उपदेश हो र सुत्रलाई प्राप्त गर्नु एस्लाई अंगाल्नु, सुन्नु, पढ्दैमा पनि मुक्ती प्राप्त हुन्छ तर जुन दृष्टिकोण र आकंक्षाले बुद्धले प्रेरित गरेका छन तेस्को लागी हामी अझै धेँरै अघी जानु पर्ने हुन्छ ।

र दोस्रो कारण हो कि मलाई लाग्छ कि बुद्धत्व प्राप्त गर्ने कुरा सुन्दा धेरैलाई त्यो आफ्नो क्षमताको कुरा नभएको भनी ठानेर हार मान्ने गर्छन । तर एस्तो कदापी होईन । “बुद्ध” को अर्थ हो “जागृत ब्यक्ति” हो र जस्ले ब्रहमाण्ड र मानव जिवनको सत्यलाई बुझ्न आफ्नो आखा खोल्छ त्यो नै बुद्ध हो ।

अहिलेको संसारमा मानवता अधिक इक्षाबाट ग्रसित छ । जसले गर्दा वातावरणको बिनास, प्राकृतिक श्रोतको कमि, मानव-प्रेरित जलवायु परिवर्तनबाट हुने बिपत आउँदै छ । र केहि बैज्ञानीकका अनुसार एस्तो स्थिती रहिरहेमा अधिकांस मानिसको मृत्यु हुनेछ ।  सय बर्षभित्र हाम्रो पृथ्वी  पुण्डरिक सुत्रको नैतिक कथाको “जलेको घर” जस्तै हुनेछ । पृथ्वी एही आगो लागेको बिशाल घर जस्तै हो । र यो जलिरहेको घरबाट बाहिर निक्लिने तरिका एक मात्र छ ।

यो नैतिक कथामा “त्यो बिशाल घर भए पनि एउटा मात्र निस्कने ढोका थियो” । र यो ढोका भनेको आफ्नो स्वार्थी मनलाई नियन्त्रण गर्ने र जे छ तेस्मा सन्तोष मानेर जिवन बिताउने कुरालाई जनाउछ । तर एस्तो कुरा भन्न सजिलो तर गर्न गाह्रो हुन्छ । एस्ता अनुभव तपाईंहरुले पनि गर्नु भएको होला ।
त अब हामीले के गर्न सक्छौ त ? यो “जलेको घर” को नैतिक कथामा घरबाट बाहिर आएर “बकर गाडी” (श्रबक जागृति), “मृग गाडी” (प्रतेक बुद्ध जागृति) र “बैल गाडी” (बोधिसत्व जागरण) खोज्न सिकाउछ जस्लाई बुद्धले तयार पेरेर राखेका छन ।

अर्को शब्दमा भन्दा “जागृत ब्यक्ति” बन्ने पथ खोज्नु बाहेक मुक्तिको बाटो अर्को छैन । एस्लाई अर्को रुपमा भन्ने हो भने जागृत ब्यक्ती बन्न खोज्नु भनेको सबैमा आफुभित्र भएको बुद्ध स्वभाबलाई प्रकट गर्नु हो । एदी एस्तो गर्न सकेमा स्वर्थी इक्षा आफुलाई थाहा नपाई आफै हट्ने छ । जलेको घरबाट बाहिर निक्सने ढोका भनेको खाली आफ्नो बुद्ध स्वभावलाई प्रकट गर्नु हो ।



# आफ्नो मनलाई सफा गर्ने नयाँ बर्षको प्रतिज्ञा

Rev. Keiichi Akagawa
Director, Rissho Kosei-kai International

सबैमा नयाँ बर्षको हार्दिक शुभकामना छ।

मैले यो "निर्देशकको स्तम्भ"लेख्ने थालेको ४ बर्ष भएको छ। मैले यो स्तम्भबाट बुद्धधर्मबारे अझ सिक्ने र मेरा मुल्यबान पाठकसँग संबाद जारी राख्ने कामना गरेको छु।

कोसेइ काइले आफ्नो ६०औ वार्षिक उत्सावमा यो संस्था "आफ्नो मन र दिमागमा खेति" गर्ने उद्देस्य हुनेछ भनिएको थियो र संकल्प गरेको पनि करीब २५ बर्ष बितिसकेको छ। यो "मन र दिमागमा खेति" गर्ने कुरा एक बुद्धको कथाबट प्रेरित भएको हो। यो कथामा बुद्धले एक किसानलाई भन्छन कि "तिमी आफ्नो खेतमा खेती गरे जस्तै म पनि अरुको मन र दिमागमा खेती गर्छु " भनेर। अघिल्लो बर्ष अध्यक्षले आफ्नो प्रवचनमा लगातार "धर्मलाई खुशी भएर अभ्यास गर्ने" कुराको महत्वलाई जोड दिनुभएको थियो। र मलाई एस्तो गर्न हामीले लगातार आफ्नो मनमा धेरै खेती गरेर मात्र एस्को महसुस गर्न सकिन्छ जस्तो लाग्छ।

बुद्धको मुल उपदेश सामेल भएको पुरानो सात बुद्ध उपदेशको कथामा भनिए जसरि म पनि आफ्नो मनलाई सुद्ध गरी ध्यान केन्दृत हुन चाहन्छु।

म आफुलाई नै सोध्न चाहन्छु कि के मैले बुद्धको कामनालाई पालना गरेको छु ? के मैले मनन गरेर कुनै चिजलाई, जुन हरेक क्षण परिवर्तन भैराख्छ तेस्लाई आत्म-केन्दृत तरिकाले हेरेको छु ?

म बुद्धको जस्तो जिवन बिताउन अभ्यास गर्ने र सबैसँग मिलेर काम गर्न आफुलाई समर्पित गर्न चाहन्छु। तेसो गरेमा हामीले शान्त र आशावान जिवन यापन गर्न सक्छौ। म नयाँ बर्षमा तपाईंहरुको निरन्तर मार्गदर्शन र सहयोगको आशा गर्दछु।




*रेबरेन्ड आकागावा (बिचमा) डिसेम्बर १७, २०२३ सस्न फ्रन्किसो धर्म सेन्टरको नयाँ रेबरेन्ड परिचय कार्यक्रममा।*

# Rissho Kosei-kai International

## Make Every Encounter Matter



## A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**twitter**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp